# *प्रशासकीय अदालतको व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : प्रशासकीय अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र विक्रम शाहदेवको शासन कालको ..........वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रशासकीय अदालत ऐन, .........." रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले दफा ३ बमोजिम गठन गरिएको प्रशासकीय अदालत सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले अदालतको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले अदालतको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "सार्वजनिक संस्था" भन्नाले देहायको संस्था सम्झनु पर्छ :-

(१) श्री ५ को सरकारको पूर्ण स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(२) स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकाय,

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था ।

नेपाल कानून आयोग

---

* आयोगले आर्थिक वर्ष २०६१।०६२ मा सरकारमा पेश गरेको मसौदा ।

(ङ) "कर्मचारी" भन्नाले श्री ५ को सरकारको निजामती सेवा वा सार्वजनिक संस्थाको सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. **प्रशासकीय अदालतको गठन** : (१) कर्मचारीलाई दिने विभागीय सजाय तथा कर्मचारी बढुवा सम्बन्धमा भएका निर्णयहरू उपर पुनरावेदन हेर्न एक प्रशासकीय अदालत गठन गरिनेछ ।

(२) अदालतमा एक जना अध्यक्ष र दुई जना सदस्यहरू रहनेछन् ।

(३) अदालतको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र अदालतले आवश्यकत्तानुसार नेपाल अधिराज्यभित्र अन्य ठाउँमा पनि मुकाम कायम गर्न सक्नेछ ।

४. **अध्यक्ष तथा सदस्यको नियुक्ति** : (१) अदालतमा अध्यक्ष र सदस्यको नियुक्ति देहायबमोजिम हुनेछ :-

(क) पुनरावेदन अदालतको न्यायाधीश भई रहेको वा भईसकेको वा हुन सक्ने योग्यता पुगेको व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारले तोकेको वा नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) न्याय सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा रही कम्तीमा पाँच वर्षको सेवा अवधि पूरा गरी अवकाश प्राप्त वा कानुनमा स्नातक भई कानुन वा न्यायको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त व्यक्तिहरू मध्येबाट श्री ५ को सरकारले नियुक्त गरेको एकजना - सदस्य

(ग) निजामती सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा रही कम्तीमा पाँच

नेपाल कानून आयोग

वर्षको सेवा अवधि पूरा गरी अवकाश प्राप्त वा कुनै विषयमा स्नातक भई सार्वजनिक प्रशासनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारले नियुक्त गरेको एकजना - सदस्य

(२) उपदफा (१) को खण्ड (क) बमोजिम पुनरावेदन अदालतको बहालवाला न्यायाधीशलाई अध्यक्ष पदमा तोक्नु परेमा न्याय परिषद्को परामर्श लिनु पर्नेछ ।

५. **अध्यक्ष तथा सदस्यको पदावधि** : श्री ५ को सरकारबाट नियुक्त अध्यक्ष तथा सदस्यको पदावधि पाँच वर्षको हुनेछ । निजहरूको पुनर्नियुक्ति हुन सक्नेछ ।

६. **पारिश्रमिक, सेवाका शर्त र सुविधाहरू** : (१) अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधाहरू क्रमशः पुनरावेदन अदालतको मुख्य न्यायाधीश र न्यायाधीश सरहको हुनेछ ।

(२) पुनरावेदन अदालतको न्यायाधीश अध्यक्ष पदमा तोकिएमा निजलाई तोकिए बमोजिमको भत्ता दिइनेछ ।

७. **पदमा नरहने अवस्था** : (१) श्री ५ को सरकारबाट नियुक्त अध्यक्ष वा सदस्य देहायका अवस्थामा आफ्नो पदमा बहाल रहने छैन :-

(क) यस ऐन बमोजिमको पदावधि समाप्त भएमा,

(ख) आफ्नो पदबाट दिएको राजीनामा श्री ५ को सरकारले स्वीकृत गरेमा,

(ग) खराब आचरण भएको वा कार्य क्षमताको अभाव भएको भन्ने आधारमा श्री ५ को सरकारले हटाएमा,

(घ) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम श्री ५ को सरकारले पदबाट हटाउने आदेश दिनुभन्दा अघि निजलाई सफाईको उचित मौका दिनु पर्नेछ ।

नेपाल कानून आयोग

८. **अदालतको अधिकार क्षेत्र** : अदालतलाई देहायका मुद्दा वा विषयमा भएको निर्णय वा आदेश उपर पुनरावेदन सुन्ने अधिकार हुनेछ :-

(क) निजामती सेवाको कर्मचारीलाई दिइएको विभागीय सजायको आदेश उपर पुनरावेदन सुन्ने,

(ख) निजामती सेवाको कर्मचारीको बढुवा सम्बन्धी निर्णय उपर पुनरावेदन सुन्ने,

(ग) सार्वजनिक संस्थाको कर्मचारीलाई भविष्यमा सरकारी वा सार्वजनिक संस्थाको नोकरीका निमित्त अयोग्य नठहरिने गरी वा ठहरिने गरी अवकाश दिइएको विभागीय सजायको आदेश उपर पुनरावेदन सुन्ने,

(घ) श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य प्रशासनिक निर्णय वा आदेश उपर पुनरावेदन सुन्ने ।

९. **अधिकार क्षेत्रको प्रयोग**: (१) अदालतको अधिकार क्षेत्रको प्रयोग तिनै जना सदस्यले सामुहिक रूपमा गर्नेछन् ।

तर एक सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र दुई सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ ।

(२) तीनजना सदस्य उपस्थित भएको इजलासमा तीनै जना सदस्यको एक मत वा दुईजना सदस्यको बहुमत कायम भए सो मत अदालतको निर्णय मानिनेछ ।

(३) दुईजना सदस्य उपस्थित भएको इजलासमा एक मत कायम नभए कारबाहीको हकमा अध्यक्षसहितको इजलास भए अध्यक्षको राय बमोजिम र अध्यक्षबाहेकको इजलास भए वरिष्ठ सदस्यको राय बमोजिम गर्नु पर्नेछ । मुद्दाको फैसला वा अन्तिम आदेशको हकमा पहिला अनुपस्थित रहेको सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय अदालतको निर्णय मानिनेछ ।

(४) उपदफा (३) बमोजिम पहिला अनुपस्थित रहेको सदस्य समक्ष पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा निर्णयको लागि सर्वोच्च अदालत समक्ष पेश गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

(५) उपदफा (३) बमोजिम पेश हुन आएको मुद्दाको सुनुवाई सर्वोच्च अदालतको एक न्यायाधीशको इजलासबाट गरिनेछ र सो इजलासबाट भएको निर्णय नै प्रशासकीय अदालतको निर्णय मानिनेछ ।

१०. **अदालतको काम, कर्तव्य र अधिकार :** अदालतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मुद्दाको अन्तिम निर्णय गर्ने,

(ख) सम्बन्धित अधिकारीले गरेको निर्णय वा आदेशलाई सदर, बदर वा आंशिक बदर गर्ने,

(ग) सम्बन्धित अधिकारीले कुनै प्रमाण बुझ्न छुटाएको रहेछ भने सो प्रमाणहरू बुझ्ने वा मुद्दाको लगत कायमै राखी ती प्रमाणहरू बुझ्नको लागि मिसिल सम्बन्धित अधिकारी कहाँ पठाउने ,

(घ) सम्बन्धित पक्षसँग केही कुरा बुझ्नु परेमा बुझ्ने र सम्बन्धित कागजपत्र दाखिल गराउने,

(ङ) सम्बन्धित अधिकारीले अपनाएको कार्यविधि सम्बन्धी त्रुटी वा प्रमाण बुझ्न छुटाएको वा अन्य कुनै कारणले गर्दा पुनरावेदकलाई मर्का परेको छ भन्ने देखिएमा सो कारण समेत दर्शाई अरू जाँचबुझबाट देखिएका कुरालाई अदालतमा पठाउन सम्बन्धित अधिकारीलाई आदेश दिने ।

नेपाल कानून आयोग

११. **पुनरावेदन गर्ने म्याद र तारिख:** (१) यस ऐन बमोजिम अदालतमा पुनरावेदन गर्दा निर्णय सुनि पाएको वा सो को सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन गर्नु पर्नेछ ।

तर सम्बन्धित पक्षको काबू बाहिरको परिस्थितिले गर्दा म्याद गुज्रिएकोमा अदालतले बढीमा पन्ध्र दिनसम्मको म्याद थामि दिन सक्नेछ ।

(२) पुनरावेदनको कारबाहीमा पुनरावेदकले चाहेमा तारिखमा बस्न सक्नेछ । त्यसरी तारिखमा बसेकोमा बीचमा तारिख टुटेमा तारीख टुटेको कारणबाट पुनरावेदनको

कारबाही वा निर्णयमा प्रतिकूल असर पर्ने छैन । पुनरावेदनको किनारा भएपछि तारिखमा नबसेको पुनरावेदकलाई सो निर्णयको जनाउ दिनु पर्नेछ ।

१२. **पुनरावेदन गर्दा पुऱ्याउनु पर्ने सामान्य रीत र पुनरावेदनपत्रमा खुलाउनु पर्ने कुरा** : (१) पुनरावेदन गर्दा पुनरावेदन गर्ने व्यक्तिले देहाय बमोजिमको रीत पुऱ्याउनु पर्नेछ :-

(क) आफ्नो नामबाट पुनरावेदन गर्नु पर्नेछ र पुनरावेदनमा आफ्नो ठेगाना समेत उल्लेख गर्नु पर्नेछ ,

(ख) विभागीय सजायको आदेशमा चित्त नबुझेको कुराहरूको कारण र पुनरावेदनमा माग गरेको कुरा स्पष्ट उल्लेख गर्नु पर्नेछ ,

(ग) पुनरावेदन संयमित भाषामा लेखिएको हुनु पर्नेछ ,

(घ) जुन आदेश विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको प्रमाणित नक्कल राख्नु पर्नेछ ,

(ङ) कानुनी व्यवसायी राखेको भए सो कानुन व्यवसायीको नाम र प्रमाणपत्र संख्या उल्लेख गर्नु पर्नेछ ,

(च) प्रचलित कानुन बमोजिम पुनरावेदन गर्दा लाग्ने दस्तूर दाखिल गर्नु पर्नेछ ।

(२) पुनरावेदन गर्दा पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनपत्रमा देहाय बमोजिमका कुराहरू समेत खुलाउन पर्नेछ :-

(क) जुन निकायको निर्णयमा चित्त बुझेको छैन सो निकायको नाम,

(ख) मुद्दाको नाम,

(ग) निर्णय भएको मिति,

(घ) पुनरावेदन कुन कानुन अन्तर्गतको हो भन्ने कुरा ।

नेपाल कानून आयोग

१३. **पुनरावेदन दर्ता** : (१) पुनरावेदकले जुन अधिकारीको आदेश उपर पुनरावेदन दिने हो सोही अधिकारी वा निकायमार्फत पनि पुनरावेदन गर्न सक्नेछ । त्यस्तो पुनरावेदन सो अधिकारीले सम्बन्धित मिसिल सहित सात दिनभित्र अदालतमा पठाउनु पर्नेछ ।

(२) पुनरावेदन दर्ता गर्दा पुऱ्याउनु पर्ने रीत र पुनरावेदनमा खुलाउनु पर्ने कुराहरू तोकिए बमोजिम हुनेछ ।

(३) रीत पुगेको पुनरावेदन दर्ता गरी दिनु पर्नेछ । रीत नपुगेको वा म्याद नाघेको पुनरावेदन दरपिठ गरी फिर्ता गर्नुपर्छ ।

१४. **अदालतले मागेको मिसिल वा मुद्दा सम्बन्धी लिखत वा जवाफ पठाउनु पर्ने**: (१) अदालतले मुद्दामा प्रमाणको निमित्त आवश्यक कुनै मिसिल, लिखत वा अन्य कुनै कुरा पेश गर्न वा पठाउन कुनै कार्यालय वा अधिकारीलाई आदेश दिएमा वा कुनै कुराको स्पष्टीकरण वा जवाफ मागेमा सो कार्यालयले अदालतले तोकेको समयभित्र सो आदेशको पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालतले दिएको आदेशको पालना नगरेको कारणबाट मुद्दाको कारबाही वा किनारा गर्न बाधा परेमा वा कुनै पक्षलाई अनावश्यक हैरानी भएमा वा प्रतिकूल असर परेमा अदालतले सम्बन्धित अधिकारीलाई पटकै पिच्छे पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

तर त्यस्तो जरिवानाको आदेश भएपछि सम्बन्धित अधिकारीले अदालतको आदेश पालना गर्न नसकेको कारण उल्लेख गरी सो जरिबाना हुन नपर्ने भनी दिएको निवेदन सन्तोषजनक देखिएमा अदालतले त्यस्तो जरिबानाको रकमलाई कम गर्न वा दिएको आदेश रद्द गर्न सक्नेछ ।

१५. **मुद्दा निर्णय गर्नुपर्ने अवधि** : यस ऐन बमोजिम अदालतमा दायर भएका मुद्दाहरू सामान्यतया: छ महिनाभित्र निर्णय गरी सक्नु पर्नेछ ।

१६. **पुनरावेदन खारेज नहुने**: यस ऐन बमोजिम अदालतमा परेको पुनरावेदनको टुंगो नलाग्दै त्यस्तो पुनरावेदन दिने व्यक्तिको मृत्यु भएमा पनि पुनरावेदन खारेज नगरी अन्तिम किनारा गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

१७. **आदेश वा निर्णयको कार्यान्वयन** : (१) अदालतबाट भएको निर्णय वा आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) अदालतले गरेको फैसला वा अन्तिम आदेशमा कुनै निकायले सो फैसला वा आदेश कार्यान्वयन गर्ने भनी उल्लेख भएकोमा सोही बमोजिम र त्यसरी उल्लेख नभएकोमा सो फैसला वा आदेशको कार्यान्वयन श्री ५ को सरकारले गर्नु पर्नेछ ।

१८. **पुनरावेदन सम्बन्धी व्यवस्था** : (१) अदालतले गरेको अन्तिम निर्णय उपर देहायको अवस्थामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ :-

(क) दफा १९ बमोजिम अदालतले शुरु कारबाही र किनारा गरेका निर्णयहरू,

(ख) अधिकारक्षेत्र बाहिर गई भएका निर्णयहरू ।

(२) अदालतले गरेको फैसला वा अन्तिम आदेशमा संविधान वा कानुनको व्याख्यामा कुनै गम्भीर त्रुटी भएको वा सर्वोच्च अदालतबाट स्थापित कानुनी सिद्धान्त वा नजीरको पालना नभएको देखिएमा सर्वोच्च अदालतले अदालतको फैसला वा अन्तिम आदेश उपर आफू समक्ष पुनरावेदन गर्न अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावेदन गर्ने अनुमतिका लागि निवेदन दिँदा अदालतबाट निर्णय वा अन्तिम आदेश भएका मितिले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा दिनु पर्नेछ ।

१९. **अदालतको अवहेलना**: अदालतले आफ्नो अवहेलना सम्बन्धमा करबाही चलाउन सक्नेछ र अवहेलना भएको ठहऱ्याएमा अभियुक्तलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने गरी फैसला गर्न सक्नेछ ।

तर अदालतलाई सन्तोष हुने गरी सम्बन्धित पक्षले क्षमा याचना गरेमा निजलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए त्यस्तो सजाय कम वा माफ गर्न वा अदालतले तोकेको कुरा पालना भएमा त्यस्तो सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ ।

२०. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) अदालतको प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ को सरकारले नेपाल न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीको एक जना रजिष्ट्रारको

नेपाल कानून आयोग

व्यवस्था गर्नेछ । अदालतको प्रशासकीय रेखदेख र नियन्त्रण गर्ने काम रजिष्ट्रारको हुनेछ । अदालतका सबै कर्मचारीहरू रजिष्ट्रारको प्रशासकीय रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(२) अदालतलाई आवश्यक पर्ने अन्य कर्मचारीहरू श्री ५ को सरकारले उपलब्ध गराउनेछ ।

२१. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकार** : (१) यस ऐनको अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निवेदनपत्र दर्ता गर्ने,

(ख) पुनरावेदनपत्र दर्ता गर्ने,

(ग) पुनरावेदकले कानुन व्यवसायी नियुक्त गरेकोमा वकालतनामा दर्ता गर्ने,

(घ) अदालतमा दर्ता हुन आएका पुनरावदेन पत्रमा प्रचलित कानुन बमोजिम लाग्ने रकम दाखिला गराउने,

(ङ) अदालतको म्याद तथा सूचना जारी गर्ने, तामेल गराउने र सो सम्बन्धमा आवश्यक निकासा दिने,

(च) कानुन बमोजिम मुद्दाका पक्षहरूको म्याद तारिख थाम्ने ,

(छ) मुद्दाका दायरी मिसिल र छिनुवा मिसिलहरू ठीकसँग राख्न लगाउने,

(ज) वार्षिक प्रतिवेदन तयार गर्ने,

(झ) अदालतको आदेश बमोजिम गर्नु पर्ने काम कारबाही सम्बन्धमा लेखापढी गर्ने,

(ञ) प्रचलित कानुन बमोजिम मिसिल कागजातको नक्कल दिने,

(ट) पेश भएको सक्कल लिखतको काम सकिए पछि सम्बन्धित पक्षलाई फिर्ता गर्ने,

नेपाल कानून आयोग

(ठ) मिसिल कागजातको निरीक्षणको निमित्त परेको निवेदनमा निकासा दिने,

(ड) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(२) रजिष्ट्रारले आफूलाई भएको अधिकारमध्ये कुनै अधिकार अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **शपथ ग्रहण** : आफ्नो कार्यभार सम्हाल्नु अघि अदालतका अध्यक्ष तथा सदस्यले सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा निजले तोकेको न्यायाधीश समक्ष अनुसूची -१ बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

२३. **अन्य कार्यविधि**: मुद्दाको कारबाही र किनारा गर्दा यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र सो बाहेकका अन्य कुरामा अदालतले पुनरावेदन अदालतको कार्यविधि प्रयोग गर्न सक्नेछ ।

२४. **मुद्दाहरू सर्ने** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत निजामती सेवा ऐन, २०४९ बमोजिम गठित प्रशासकीय अदालतमा दायर भै छिन्न बाँकी रहेका मुद्दाहरू यस ऐन बमोजिम गठन हुने अदालतमा सर्नेछन् ।

(२) यस ऐन बमोजिम गठन हुने अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने मुद्दाहरू यो ऐन प्रारम्भ हुँदाका बखत अन्यत्र कुनै निकाय वा अधिकारी समक्ष दायर भई कारबाही चलिरहेको रहेछ भने रिट क्षेत्राधिकार अन्तर्गतका मुद्दाहरू बाहेकका अन्य सबै मुद्दाहरू यस ऐन बमोजिम गठन भएको अदालतमा सर्नेछन् ।

२५ **श्री ५ को सरकारसँग सम्पर्क** : अदालतले श्री ५ को सरकारसँग सम्पर्क राख्दा कानुन, न्याय तथा संसदीय व्यवस्था मंत्रालय मार्फत राख्नु पर्नेछ ।

२६. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२७. **संशोधन** : अनुसूची-२ मा लेखिएका ऐनहरू सोही अनुसूचीमा लेखिए बमोजिम संशोधन गरिएका छन् ।

नेपाल कानून आयोग

# अनुसूची-१

( दफा २२ सँग सम्बन्धित )

शपथ ग्रहण

नेपाल अधिराज्यको संविधान, २०४७ प्रति निष्ठावान रही आफूले ग्रहण गरेको .............................. पदको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी ईमान्दारीसाथ विवेकपूर्वक गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुनै कुरा प्रचलित कानुनको पालना गर्दा बाहेक अरू कुनै अवस्थामा कसैलाई कुनै माध्यमबाट पनि आफू पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन भनी म................................ ईश्वरलाई साक्षी राखी / सत्यनिष्ठा पूर्वक शपथ लिन्छु ।

मिति :

हस्ताक्षर :

नेपाल कानून आयोग

# अनुसूची - २

( दफा २७ सँग सम्बन्धित )

| क्र.सं. | ऐनको संक्षिप्त नाम | संशोधन |
|---|---|---|
| १. | निजामती सेवा ऐन, २०४९ | दफा ६९ को सट्टा देहायको दफा ६९ राखिएकोछ :-<br><br>"६९ नोकरी थामी दिन कर नलाग्ने : कुनै निजामती कर्मचारीको सम्बन्धमा प्रशासकीय अदालतबाट पुनरावेदनको अन्तिम किनारा लागे पछि त्यसको परिणामस्वरूप निजको सेवा पुनः स्थापित हुने भएमा सो निर्णयको सूचना पाएको मितिले तीन महिनाभित्र निज उपस्थित हुन नआएमा निजको नोकरी थामी दिन कर लाग्ने छैन ।" |
| २. | नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ | दफा ७६ को सट्टा देहायको दफा ७६ राखिएकोछ :-<br><br>"७६ नोकरी थामी दिन कर नलाग्ने : कुनै कर्मचारीको सम्बन्धमा प्रशासकीय अदालतबाट पुनरावेदनको अन्तिम किनारा लागे पछि त्यसको परिणामस्वरूप निजको सेवा पुनः स्थापित हुने भएमा सो निर्णयको सूचना पाएको मितिले तीन महिनाभित्र निज उपस्थित हुन नआएमा निजको नोकरी थामी दिन कर लाग्ने छैन ।" |
| ३. | संसद सचिवालय सम्बन्धी ऐन, २०५८ | दफा ७८ को सट्टा देहायको दफा ७८ राखिएकोछ :-<br><br>"७८ नोकरी थामी दिन कर नलाग्ने : कुनै कर्मचारीको सम्बन्धमा प्रशासकीय अदालतबाट पुनरावेदनको अन्तिम किनारा लागे पछि त्यसको परिणामस्वरूप निजको सेवा पुनः स्थापित हुने भएमा सो निर्णयको सूचना पाएको मितिले तीन महिनाभित्र निज उपस्थित हुन नआएमा निजको नोकरी थामी दिन कर लाग्ने छैन ।" |

नेपाल कानून आयोग